नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल प्रहरी प्रधान कार्यालय

काठमाडौं, नेपाल

## प्रहरी महानिरीक्षकको सचिवालय भवन निर्माण आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/१२/१७**

नेपाल प्रहरी प्रधान कार्यालयद्वारा बागमती प्रदेश, काठमाडौं जिल्लाको काठमाडौं महानगरपालिका वडा नं. १, नक्सालमा रहेको नेपाल प्रहरी प्रधान कार्यालय परिसर भित्र निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल प्रहरी प्रधान कार्यालय, नक्साल, काठमाडौं |
| **प्रस्तावको व्यहोरा** | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १, नक्साल स्थित नेपाल प्रहरी प्रधान कार्यालयको नाममा दर्ता कायम रहेको कित्ता नं. ५८९ (साविक का.म.न.पा.-१, जग्गाको क्षेत्रफल ६२,४८१.५४ वर्गमिटर अर्थात् ११२-१३-०-१ रोपनी-आना-पैसा-दाम) मा वेसमेन्ट सहित पन्ध्र तलाको भवन निर्माण गरिनेछ । उक्त प्रस्तावित भवनको तलाहरूको Built Up Area ११३३१.०३ वर्गमिटर (वेसमेन्ट र चौधौ तल्लाको बाहेक); वेसमेन्ट सहित सबै तलाहरूको क्षेत्रफल १३,४६५.०६ वर्गमिटर हुनेछ भने भवनको उचाई जमिनको सतह देखि ५१.६ मिटर हुनेछ । प्रस्तावित भवनमा अपाङ्गमैत्री संरचना लिफ्ट, र्याम्प तथा आकस्मिक द्वार, अग्नि संयन्त्र आदिको सुविधा रहनेछन् । |
| **प्रभाव पर्न सक्ने जिल्ला, स्थानिय तह र वडा** | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन हार्दिक अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **नेपाल प्रहरी प्रधान कार्यालय**, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ०१, नक्साल, **ई-मेलः** info@nepalpolice.gov.np<br>**सम्पर्क नः** ०१-५७१११०० |
| **परामर्शदाताको नाम र ठेगाना** | **निकास ईन्जिनियरीङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा. लि.**, काठमाडौं महानगरपालिका वडा नं. १३, कलंकी, काठमाडौं,<br>**ईमेलः** nikasengineering@gmail.com, **सम्पर्क नं.:** ९८६०१११९६८ |